गाउँसभाका अध्यक्षज्यू , गाउँ सभाका सदस्यज्यूहरु

१. ऐतिहासिक दोस्रो संविधान सभाले नेपालको सँविधान २०७२ साल असोज ३ गते जारी गरे पश्चात् तिन-वटै तहको निर्वाचन सम्पन्न भैसकेको छ । संघीय सरकारले संवैधानिक व्यबस्था बमोजिम २०७५ जेठ १५ मा र प्रदेशिक सरकारले असार १ गते आफ्नो बजेट प्रस्तुत गरिसकेका छन् । यसै गरी कालीगण्डकी गा.पा.तर्फबाट मैले पनि संविधानको मर्म र भावना अनुरुप दोस्रोपटक सम्मानित सभासमक्ष आर्थिक वर्ष २०७५।७६ को बजेट प्रस्तुत गर्न पाउदा आफूलाई गौरवान्वित महसुस गरेकी छु ।

२. राष्ट्रिय स्वतन्त्रता , स्वाधीनता , लोकतन्त्र तथा सामाजिक परिवर्तनका लागि बलिदान गर्ने अमर सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको परिवर्तनका लागि भएका सवै प्रकारका आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्नुहुने सबै राजनितिक अग्रजप्रति सम्मान व्यक्त गर्न चाहन्छु । साथै घाइते , बेपत्ता योद्धा एवं पीडित परिवार र नागरिकप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

३. आगामि आर्थिक वर्षको बजेट तयार गर्दा गाउँसभाले गरेको संकल्प तथा सहभागिता मूलक पद्धति बमोजिम यस गाउँपालिका क्षेत्रभित्रका विषयविज्ञ, सम्पूर्ण निर्वाचित पदाधिकारीहरु, राजनैतिक दल, नागरिक समाज, विभिन्न समूह, सँगठन तथा गैरसरकारी संस्थाबाट प्राप्त सुझाव सल्लाहलाई समेत मार्गदर्शनको रुपमा लिएकी छु । नेपालको संविधानको मर्म तथा संघीय सरकार, प्रदेश सरकारको नीति र दिगो विकासको लक्ष्य प्राप्ति एवं स्थानीय सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेकी छु ।

४. अब म चालु आ.व. को संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु ।
(क) लामो समयसम्मको राजनीतिक रित्तताको वीचमा रहेको साविकका स्थानीय निकायमा स्थानीय शासन सञ्चालनको अनुभवको अभाव तथा भर्खर निर्वाचनको संघारवाट आएको स्थानीय तहमा जनताका इच्छा र आंकाक्षा पूरा गर्नु पर्ने दायित्व निर्वाचित जनप्रतिनिधिको काँधमा थियो । सोही बमोजिम नै जनताको मनोकामना पूरा गर्न आ.व ०७४।७५मा विकेन्द्रीकृत रुपमा योजनाहरुमा स्रोतको बाँडफाँड गरेको कुरा यहाँहरुलाई अवगत नै छ ।

(ख) चालु आर्थिक वर्षमा विनियोजन भएका बजेटको शीर्षकहरु अलिधैरै बहस , छलफल तथा प्राविधिक मूल्याङ्नको आधारमा हामीले छनौट गर्न नपाएको यथार्थतासभा समक्ष पेश गर्न चाहन्छु । वडाकार्यलयहरुमा विनियोजन गरेका साना खालका योजनाहरुमा अहिलेको अवस्थासम्ममा ९० प्रतिशतको हारहारीमा प्रगती भएको अवस्था हो । यद्यपि गाउँपालिका स्तरीय भौतिक पूर्वाधारका योजना र भवनको जग्गा खरिदका कार्यहरु तथा अन्य केही योजनामा विविध कारणले अपेक्षा अनुरुप प्रगति गर्न सकेनौं तर विनियोजित योजनामा हामीले सोँचेभन्दा उत्साहका साथ कार्यहरु भएको व्याहोरा पनि सभा समक्ष जानकारी गराउन चाहन्छु ।

(ग) एक वर्षको अवधिमा हामी संस्थागत तथा संरचनागत तवरवाट धेरै प्रगति गर्न सफल रहेको व्यहोरा समेत सभा समक्ष पेश गर्न चाहन्छु । यो अवधिमा १४ वटा भन्दा धेरै स्थानीय ऐन , नियम तथा कार्यविधिको निर्माण गरी गाउँपालिकालाई कानुनी रुपमा सफल बनाउन हामी सफल भएका छौ । आर्थिक पक्षको प्रगति समीक्षाको वारेमा यथार्थ खर्च विवरणमा प्रस्तुत गर्नेछु ।

५. वजेट तर्जुमा गर्दा मैले स्थानिय तहको अधिकारसूची र स्थानीय सरकारको नीति तथा कार्यक्रमलाई ध्यान दिई तीव्र , उच्च , फराकिलो र समावेशी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रित गर्न खोजेकी छु ।

६. संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त वित्तीय समानीकरण , सशर्त अनुदान , राजश्व वाँडफाँडलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्राथमिकीकरण गरी लगानी केन्द्रित गरेकी छु । यसले स्थानीय तहको आर्थिक विकास , गरीवी न्युनीकरण , रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र विकासमा टेवा पुर्‍याउने विश्वास लिएकी छु।

७. विकास निर्माण प्रकृयालाई ठोस र योजनावद्ध तवरवाट गर्न सकिएन भने अवश्यपनि दिगो विकास र समानुपातिक विकासको अवधारणा अनुरुप समग्र गाउँपालिकाको विकास संम्भव हुदैन भन्ने मैले महसुस गरेकी छु ।

अध्यक्ष महोदय ,

८. संविधानको कार्यन्वयन र संघीय संरचनालाई सफल गराउन हाम्रो काधमा ठूलो जिम्मेवारी रहेको छ । स्थानीय तहको काम कारवाही र विकास गतिविधिलाई प्रभावकारी रुपमा लान सकिएन भने हाम्रै कारणले संघियता धरापमा पर्न सक्नेतर्फ पनि हामी संचेत रहदै विकास गतिविधिलाई जनता समक्ष प्रभावकारी रुपमा लानु आजको आवश्यकता मैले महशुस गरेकी छु ।

९. आर्थिक वर्ष २०७५।७६ को बजेटका उद्देश्यहरु देहाय बमाजिम रहेका छन् ।

- उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारीका अवसर वृद्धि गर्ने ।
- पुर्वाधार विकासमा विशेष जोड दिई लगानी गर्ने ।
- जनताको आधारभूत आवश्यकतालाई ध्यान दिई गरिवी न्युनीकरणमा जोड दिने ।

१०. आगामि आर्थिक वर्षको बजेटको चुनौति ,अवसर, प्राथमिकता र कार्यक्रमहरु निम्न बमोजिम तय गरेकी छु ।

**चुनौतिहरु**

- आर्थिक वृद्धि गर्न र सो को न्यायपूर्ण वितरण मार्फत् शीघ्र गरीबी निवारण गर्न ।
- दक्ष, क्षमतावान् र सीपयुक्त मानव संशाधनको विकास मार्फत् गाउँपालिकाको समग्र विकासमा उनीहरुको उपयोग गर्न ।
- गाउँपालिकाभित्र रहेका मानिसहरुको आय असमानतालाई कम गर्दै सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्न ।
- गाउँपालिकाभित्र रहेका युवाहरुका लागि गाउँमै रोजगारीका अवसर सिर्जना गरी युवा परिचालन गर्न।

- समतामूलक, दिगो र समावेशी विकासका लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्न ।
- गाउँपालिका भित्र सम्भावना भएका जलविद्युत आयोजना, प्राकृतिक स्रोत उपयोगलगायतका क्षेत्रबाट आय अभिवृद्धि गर्न ।
- गाउँपालिकाको सञ्चालनका सम्बन्धमा दक्ष जनशक्ति हासिल गर्न ।

**अवसरहरू**

१. जलविद्युतु आयोजना,र प्राकृतिक स्रोत साधन समेतको उच्च उपयोग गरी आन्तरिक आय अभिवृद्धि गर्न सकिने ।

२. मिर्मी बिर्घा, वैघा, हुदै रानीघाट , वैघा, आलमदेवी देखि रिडीसम्म, गहलाम, गोकुङ्गा, लसर्घावेशी कोटाकोटदेखि रुद्रवेणी, जैपते ,लिहाक,ईम्सील,बारीचौर रानीघाट, प्यूघा किपटदेखी रिडी । छाप,दप्छे, वैघा, आलमदेखी रिडी । रुद्रबेणी, देउरालीदेखी रानिघाट । रुद्रबेणी, ठाँटीभञ्ज्याङ्ग, हटियादेखी रानीघाट सम्मको सडक निर्माण गरी स्तरउन्नति गरी पिच गरी ऐतिहासिक एवं पर्यटकीय महत्वका स्थलहरुको पर्याप्त प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्न सकिने ।

३. सँघीय सरकार, प्रादेशिक सरकार,पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना लगायत अन्य खा. पा. संग सम्बन्धित सघँसस्थासँग समन्वय र सहकार्य गरी खानेपानीको पहुँच नपुगेका स्थानमा खानेपानी पुर्‍याँउन सकिने ।

४. गाउँपालिकाको आन्तरिक आय वृद्धिमा सकारात्मक योगदान पुर्‍याँउन सक्ने कृषि , जडीबुटी, उर्जा, पर्यटन लगायतका स्रोतको पहिचान गरी आय स्रोत बढाउन सकिने ।

५. वृहत् किसिमको लिफ्टिङ सिँचाईको माध्यमबाट सिँचाईको सर्वसुलभ उपलब्धता गराउन सकिने ।

६. स्थानीय स्रोतसाधनमा आधारित मझौला,लघूउद्यम सञ्चालन गरी स्थानीय युवाहरुलाई रोजगार स्वरोजगारको वातावरण सिर्जना गर्न सकीने ।

७. कालीगण्डकी गा. पा. को वडा नं ५ को भपेङ, वडा नं ७ को मिर्मी, वडा नं २ को लसर्घावेशीमा उद्योग ग्रामहरु संचालन गर्न सकिने ।

अध्यक्ष महोदय ,

अव म आगामि आर्थिक वर्ष २०७५।७६ को बजेटको लागि स्रोत अनुमान पेश गर्न गइरहेकी छु ।

आर्थिक वर्ष २०७५।७६ को लागि संघीय सरकारवाट प्राप्त वित्तीय समानीकरण तर्फको जम्मा रु ८ करोड ९ लाख , संघीय राजश्व वाडफाड तर्फको ५ करोड ३० लाख ६२ हजार , प्रदेश वित्तीय समानीकरण तर्फको १ करोड १४ लाख १६ हजार ,प्रदेश राजश्व वाँडफाँड तर्फ २१ लाख ६१ हजार ४ सय छत्तिस गरी जम्मा १४ करोड ७५ लाख ३९ हजार ४ सय ३६ रहेको छ भने सशर्त तर्फ १४ करोड ८२ लाख प्राप्त भएको छ ।

आन्तरिकतर्फ गत वर्षको अनुमानित अल्या सहित २ करोड ७५ लाखको अनुमान गरेकी छु । यसरी संघीय सरकार , प्रदेश सरकार र आन्तरिक तर्फको बजेट गरी  जम्मा ३२ करोड ३२ लाख ३९ हजार ४ सय ३६ रुपिपैयाको बजेट आगामि आर्थिक वर्षको लागि पेश गरेकी छु ।

११. अव म चालु आ.व २०७५।७६ को जेठ मसान्तसम्मको खर्चको  यथार्थ विवरण सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक वर्षको वजेट विनियोजनको कार्य नयाँ परिवेश , कार्यानुभवको अभाव तथा इस्टिमेट तथा व्यापक छलफल गर्ने समय अभावमा हतार हतारमा विनियोजन गरेको तथ्य त सभाका सबै सदस्य लाई अवगत भएकै कुरा हो । चालु शीर्षकमा गाउँपालिकाको दरवन्दीको आधारमा वजेट विनियोजन भएता पनि स्याङ्जाकै सुदुर पश्चिममा रहेको यस गाउँपालिकामा कर्मचारी अभाव पूरै वर्ष गाउँपालिकाले व्यहोर्न पर्‍यो सो कारणले चालु तर्फको ठुलो रकम खर्च हुन सकेन । साथै पुँजीगत तर्फ विनियोजित भएको जग्गा खरिद , भवन निर्माणमा ठुलो रकम विनियोजन भएकोमा विविध कारण सो कार्य अगाडि बढन नसकेको कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

१२. चालु आर्थिक वर्ष २०७४।७५ मा गाउँसभाद्धारा विनियोजित संशोधन सहित जम्मा बजेट रु ३३ करोड ७७ लाख ८४ हजार ७ सय ५० मध्ये जेठ मसान्त सम्म २२२८७०२४२ ( वाइस करोड २८ लाख सत्तरी हजार दुई सय वयालीस ) खर्च भएको छ । यो बजेट जम्मा बजेटको ६६ प्रतिशत हुन जान्छ । साथै असार मसान्त सम्म २७५६८४१७७ ( सत्ताइस करोड छपन्न लाख चौरासी हजार एक सय सत्तर ) खर्च हुने अनुमान गरेकी छु । जुन जम्मा विनियोजित बजेटको ८१.६ प्रतिशत हुनेछ   ।

१३. हालसम्म जम्मा बजेटको वित्तीय समानीकरण तर्फ विनियोजित जम्मा १३ करोड ७० लाख ८४ हजार मध्ये ६ करोड ३९ लाख ४५ हजार ७३ रुपैंया रकम  जेष्ठको मसान्तसम्म खर्च भएको छ । जुन जम्मा वित्तय समानीकरण तर्फको बजेटको ४६. ६४ प्रतिशत हुन आउछ । त्यसै गरी सर्शत तफ १२ करोड ४८ लाख १९ हजार विनियोजन भएकोमा ११ करोड ९८ लाख ४३ हजार ५ सय ७४ भएको छ । जुन जम्मा सर्शत तर्फको बजेटको ९६ प्रतिशत हुन जान्छ ।  आर्थिक वर्षको अन्त्य सम्ममा वित्तिय समानीकरण तर्फ ६८.५३  र सर्शत तर्फ ९८ प्रतिशत खर्च हुने अनुमान गरेकी छु ।

अध्यक्ष महोदय,

अव म आगामि आर्थिक वर्ष २०७५।७६ को लागि विनियोजन कार्यक्रमहरुको वारेमा सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

१४. चालु आवको विनियोजित कार्यक्रमवाट सिक्दै आगामि आवमा वितरणमुखीभन्दा उत्पादनउन्मुख , रोजगार उन्मुख तथा पूर्वाधारमा जोड दिने खालका योजना छनौट गरिएको छ ।

१५. जम्मा यो आर्थिक वर्षको वजेट ३२ करोड ३२ लाख ३९ हजार ४ सय ३६ मध्ये सशर्त तर्फ विनियोजित १४ करोड ८२ लाख रकमका कार्यक्रमहरु संघीय सरकारवाट नै तय गरी आएको हुँदा जस्ताको तस्तै राखेकी छु । वाँकी १४ करोड ७५ लाख ३९ हजार ४ सय ३६ रकम वित्तीय समानीकरण तर्फ र २ करोड ७५ लाख रकम आन्तरिक तर्फको  रहेको छ ।

१६. जम्मा विनियोजित रकमको चालुतर्फ १९ करोड ५३ लाख ९१ हजार ९ सय ६७ रहेको छ । जुन जम्मा विनियोजित रकमको ६०.४४ प्रतिशत हुन जान्छ भने पुँजीगत तर्फ बाँकी ३९.५६ प्रतिशत रकम विनियोजित गरेकी छु ।

अध्यक्ष महोदय ,

अव म केही महत्वपूर्ण कार्यक्रमको वारेमा सभा समक्ष पेश गर्न जादै छु ,

१७. गाउँपालिकाका भित्रका खोलि सकेका वाटाहरुमा १२ महिना यातायात सुचारु गराउने जिम्मा गाउँपालिकाको हो सो कार्यको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१८. गाउँ कार्यपालिका भवन, अस्पताल निर्माण , गाउँपालिका स्तरीय वसपार्क र वडा कार्यलय निर्माणका लागि जग्गा खरिद गर्न भनि रु १५०००००० लाख रकम विनियोजन गरेको छु ।

१९. गाउँ कार्यपालिकाको भवन निर्माणको लागि रु १ करोड रकम विनियोजन गरेको छु ।

२०. गाउँपालिका भित्रका छाप दव्छे हुदै गहलाम , गहलाम वनकसी गकुङ्गा लसर्घा बेसीदेखि रिडी, जैपते, लिहाक, इमसिल, बारीचौर, रानीघाटदेखि रिडी, रुद्रबेणी, देउरालीदेखि रानीघाट सम्मका विभिन्न सडक, आलम मन्दिरको गुरु योजना , वडा नं १,२, ३ का लागि सिद्ध, धोवादी खा. पा., मिर्मीपार्क, भ्युटावर निर्माण सबै विद्यालायहरुमा ICT BASED शिक्षण सिकाइँ भपेङमा खेलकुद निर्माण गर्ने मैदान सम्पन्न गर्ने लगायतका योजनालाई स्थानीय गौरवका आयोजनाका रुपमा विकास गर्न आवश्यक बजेटको विनियोजन गरेकी छु ।

२१.महिला , दलित , अपाँङ्ग तथा आदिवासी जनजातिको लागि विविध सीपमुलक तालिम र महिला सामुहिक कृषि खेती प्रणाली सञ्चालन गर्नको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

२२. शिक्षा क्षेत्रको विकासलाई गाउँपालिकाको महत्वपूर्ण पक्षको रुपमा लिएकी छु । त्यसैले ICT BASED शिक्षण सिकाई र विद्यालयहरुको पूर्वाधार निर्माणमा रकम विनियोजन गरेकी छु । साथै विद्युतीय हाजिरी जडान वाँकी रहेका विद्यालयमा पनि यथाशीघ्र जडानको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

२३.बाल विकास कक्षामा अध्यापनरत गाउँपालिका भित्रका सवै शिक्षक शिक्षिकाहरुको लागि गाउँपालिकाको तर्फवाट मासिक मंहगी भत्ता बापत केही थप रकम विनियोजन गरेकी छु ।

२४. स्वास्थ तर्फको क्रियाकलापलाई थप प्रभावकारी पारी घर घरमा स्वास्थ कर्मी पुर्‍याउने उद्देश्यका साथ सर्शत तर्फको कार्यक्रम बाहेक पनि थप रकम व्यवस्था गरेकी छु । साथै एम्वुलेन्स खरिदको लागि रु १२ लाख रकम विनियोजन गरेकी छु ।

२५. खेलकुद तर्फको विकासको लागि गाउँपालिका स्तरिय खेलकुद मैदान भपेङमा निर्माणको लागि रकम विनियोजन गरेकी छु । साथै एक वडा एक खेलकुद मैदान निर्माण गर्न आवश्यक रकमको विनियोजन गरेकी छु ।

२६. सिचाइ सुविधाको विस्तारको लागि  खेतीयोग्य भुमिमा कृषि उत्पादन बृद्धिका लागि अध्ययन गरी आगामि आर्थिक वर्षवाट नै कार्य शुरुवात् गर्ने गरी रकमको व्यवस्था गरेकी छु ।

२७. पर्यटन क्षेत्रको विकासको लागि आँधीमुहान, आलमदेवी मन्दिर, कालीका क्षेत्रपाल मन्दिर ,कट्टी भ्युटावर,सीता पाईला, भृगुतुँगेश्वर,टुङ्गकोट टावर ,कोटाकोट र कालीगण्डकी शिलामा विस्तृत survey गरी आगामिआर्थिक वर्षमा नै शुरुवात गर्न आवश्यक रकमको व्यावस्था गरेकी छु । त्यसै गरी आलमदेवी पार्क , यङगुदी वन , मधुवन र मिर्मिमा  पार्कको निर्माण गर्न अध्यन गरी निर्माण कार्य तत्काल अगाडि वढाउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

अन्त्यमा ,

२८. बजेट निर्माणको क्रममा सहयोग पुऱ्याउने गाउँपालिका अध्यक्ष ज्यू , वडा अध्यक्ष ज्युहरु , कार्यपालिकाका सदस्यज्युहरु , वडा सदस्य ज्युहरुका साथै अहोरात्र खटिनु भएका गाउँपालिकाका कर्मचारी साथीहरुप्रति म धेरै आभारी रहेकी छु । सो का लागी हार्दिक हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद